पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास,धनकुटा

२०७३

**१ नं. प्रदेश,नेपाल**

अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१८)**

यस पाख्रीबास नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यतां पुगेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट दरखास्त आहान गरिएको छ। यसका लागि तोकिएको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो १ प्रति टाँस गरी सो का साथ आफ्नो र नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र प्रमाणपत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाणपत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी **यस पाख्रीबास नगरपालिकाको** कार्यालय समक्ष पेश गर्नु पर्नेछ। रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर बुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

१. विज्ञापन/सूचना नं: २/२०७९/०८०

२.पद:- अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै)।

३. माग संख्याः १ जना

४. सेवाको किसिमः करार सेवा

५. दरखास्त बुझाउने अन्तिम मिति:-२०७९/११/०३

६. उम्मेद्वारको छनौट विधिः प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन।

७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान:- पाख्रीबास नगर कार्यपालिकाको कार्यालय पाख्रीबास धनकुटा।

८. परीक्षा दस्तुर रु ३००।- (तीन सय रुपैयाँ मात्र)

९. परीक्षा दस्तुर बुझाउने प्रकृयाः बैंक भौचर वा राजस्व तिरेको भौचर फारामसाथ पेश गर्नुपर्नेछ।

१०. परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:- दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको दुई दिन भित्र पाख्रीबास नगरपालिकाको सूचना पाटीमा टाँस मा समेत प्रकाशित गरिनेछ। साथै, वेब साइट र वडा कार्यालयहरुको सूचना पाटीमा समेत टाँस गरिनेछ।

११. आवेदन स्वीकृत / अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ।

१२. मासिक तलब: करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१३. आवश्यक न्यूनतम योग्यताः

(क) नेपाली नागरिक।

(ख) अपाङ्गता भएका व्यक्ति।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

(ङ) अपाङ्गतासम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धि तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिनेछ।

१४. उम्मेद्वारको उमेरको हदः १८ वर्ष उमेर पूरा भई २०७९/११/०३ गतेसम्म ४० वर्ष ननाघेको।

०७९/१०/१८

नि. प्रमुख प्रशासकीय अधिकृत